दर्ता नं. १९२७८३/०७४/०७५ ने.रा.बैंक/ई.प्रा/"घ"/८५/०७५/०७६

# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड

# Dhaulagiri Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ"वर्गको ईजाजत प्राप्त राष्ट्रिय स्तरको वित्तिय संस्था

केन्द्रिय कार्यालय श्रीनगरटोल-०२, बागलुङ

# दोस्रो बार्षिक साधारण सभा
# काम कारवाहीको विवरण
# (माईन्यूट)

मिति २०७७/११/२२

## १. वैधानिक सभा :

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमीटेडको सञ्चालक समितिको मिति २०७७ माघ २५ मा बसेको ४६ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र संस्थाको प्रवन्धपत्र र नियमावली बमोजिम यस संस्थाको दोस्रो बार्षिक साधारण सभा संस्थाका संचालक समितीका अध्यक्ष श्री ईश्वरलाल राजभण्डारी ज्यूको अध्यक्षतामा निम्न लिखित मिती, समय र स्थानमा बसी पूर्व निर्धारित बिषयहरु उपर छलफल तथा निर्णय भई देहाय बमोजिमको काम कारवाहीहरु शुसम्पन्न भयो ।

## २. सभाको मिती, स्थान र समय :

मिति : २०७७।११।२२ गते शनिबार, (तदनुसार ६ मार्च, २०२१)
समय : बिहान १०:०० बजे
स्थानः : धौलागिरी सामुदायिक स्रोत बिकास केन्द्रको सभाहल, उपल्लाचौर, बागलुङ

## ३. सभाको सूचना :

कम्पनी ऐनको दफा ६७(२) बमोजिम साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०७७ माघ २६ गते प्रथम र मिति २०७७।११।११ गते दोस्रो पटक ढोरपाटन राष्ट्रिय दैनिक पत्रीकामा र यस संस्थाको सुचना पार्टिमा समेत टाँस गरिएको तथा शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो । यसका अतिरिक्त वार्षिक साधारण सभाको सूचना संस्थाको वेभसाईटमा समेत सार्वजनिक गरिएको थियो ।

सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसंग सम्वन्धित अनुसूचीहरू एवम् अन्य प्रस्तावका विषयवस्तुहरू सहितको बार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनी महानुभावहरुलाई यथासम्भव उपलब्ध गराईएको थियो ।

## ४. वार्षिक साधारण सभाको छलफल तथा निर्णयका लागी निर्धारित बिषयसूची :

### क. सामान्य प्रस्तावहरु

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक बर्ष २०७६/०७७ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सहितको वित्तीय बिवरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने ।

(३) आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वैठक भत्ता, अन्य समितिको वैठक भत्ता र समिति सम्वन्धी अन्य खर्च अनुमोदन गर्ने ।

(४) वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०७७/०७८ को लेखापरिक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र

कम्पनि सचिव

निजको पारिश्रमिक तोक्ने प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने । (वहालवाला लेखापरिक्षक एस देवकोटा एण्ड कम्पनीका चार्टड एकाउन्टटेन्स्, सुनिल देवकोटा पुन नियुक्तिको लागी ग्राह्य हुनुहुन्छ ।

(५) आर्थिक बर्ष २०७६/०७७ का लागी कम्पनी ऐन २०६३ को दफा १०५(ग) को अख्तियारी सिमा भन्दा अधिक खर्च (चन्दा तथा सहयोग) अनुमोदन गर्ने ।

(६) सर्वसाधारण शेयरको सार्वजनिक निश्कासन (IPO) गर्ने ।

**ख. बिशेष प्रस्तावहरु**

१. बिशेष प्रस्ताव पारित भएपश्चात् प्रबन्धपत्र तथा नियमावलीमा हुने संशोधन स्वीकृत गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकाय (कम्पनी रजिष्ट्रको कार्यालय, नेपाल राष्ट्र बैंक, कर कार्यालय लगायत) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक संशोधन, थपघट तथा समायोजन गर्ने सम्पूर्ण अख्तियारी सञ्चालक समितीलाई प्रदान गर्ने ।

ग. विविध :

**५. उपस्थिति :-**

**५.१ संचालकहरुको उपस्थिती :-**

| नाम | पद |
|---|---|
| १. श्री ईश्वरलाल राजभण्डारी | अध्यक्ष |
| २. श्री सृजना थापा | सदस्य |
| ३. श्री हरी प्रसाद शर्मा | सदस्य |
| ४. श्री उत्तम कुमार राजभण्डारी | सदस्य |
| ५. डा. श्री सुदर्शन सिलवाल | सदस्य |

**५.२ संस्था/कम्पनीका कार्यकारी प्रमुख र कम्पनी सचिवको उपस्थीती**

| | |
|---|---|
| १. श्री यज्ञ बहादुर थापा | नि. प्रमुख कार्यकारी अधिकृत |
| २. श्री निर्मल गौतम | कम्पनी सचिव |

**५.३ कर्मचारीहरुको उपस्थिती :- १५ जना**

**५.४ शेयरधनीहरुको उपस्थिति**

क) शेयरधनीहरु स्वयं : २३

ख) प्रोक्सी मार्फत : २

**६. गणपुरक संख्या**

क. कुल शेयर (संख्यामा) : ७,००,०००/-

ख. जम्मा शेयरधनि : ४१

ग. जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) : ६०५,०००/-

घ. जम्मा शेयरको प्रतिनिधित्व ( प्रतिशतमा) : ८६।४२

ङ. जम्मा उपस्थित शेयरधनीको संख्या : २५ (प्रोक्सी सहित)

**७. सभाको बैधानिकता र सभा सञ्चालन**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको दोस्रो वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि बाँडफाँड भएको कूल शेयर संख्याको

कम्पनि सचिव

पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व भएकोले आवश्यक गणपुरक संख्या पुगेकोले यो साधारण सभा बैधानिक रहेको घोषणा कम्पनी सचिवले गर्नुभयो ।

**८. सभाध्यक्ष**

कम्पनी ऐन २०६३ (संसोधन सहित) बमोजिम यस संस्थाका संचालक समितीका अध्यक्ष श्री ईश्वर लाल राजभण्डारी ज्यूले सभाको सभापतित्व ग्रहण गर्नुभएको थियो ।

**९. सभाको सन्चालन**

सभाको संचालन सभा अध्यक्षको अनुमतीले संस्थाका कम्पनी सचिव श्री निर्मल गौतमले गर्नु भएको थियो ।

**१०. आसन ग्रहण :**

सभामा उपस्थित संचालक ज्यूहरु संस्थापक शेयरधनी महानुभावहरु, अथितीहरु, निमित्त प्रमुख कार्यकारी अधिकृत ज्यू, केन्द्रिय कार्यालयका विभागीय प्रमुख ज्यू तथा उपस्थित सम्पुर्ण कर्मचारीहरुमा संचालकबाट आसन ग्रहण गराउनु भएको थियो ।

११.१ स्वागत मन्तव्य संस्थाका संचालक समितीका सदस्य श्री सृजना थापाले सभामा उपस्थित सम्पुर्ण शेयरधनी, अथिती तथा कर्मचारीहरु प्रति स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

११.२ अध्यक्षबाट पानसमा दिप प्रज्वलन गरि साधारण सभाको औपचारी उद्‌घाटन गर्नुभयो ।

**१२. प्रस्ताव नं. १ अन्तर्गत अध्यक्षज्यूबाट बार्षिक प्रतिबेदन प्रस्तुती**

१२.१ सभाको काम कारवाहीलाई अगाडी बढाउँदै सभाका अध्यक्ष श्री ईश्वर लाल राजभण्डारी ज्यूले आफ्नो प्रतिबेदन सभा समक्ष प्रस्तुत गर्नु गर्नुभयो ।

१२.२ अध्यक्षको प्रतिबेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले सो प्रतिबेदन उपर छलफल गर्न तथा आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागी उपस्थित शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभयो ।

१३. उपरोक्त शेयरधनीहरुबाट व्यक्त गरिएका विचार, धारणा जिज्ञासा, सुझाव एंव सो सम्वन्धमा अध्यक्ष ज्यूको धारणा/जवाफ सारांशको रुपमा देहाय बमोजीम रहेको थियो ।

क. शालिकराम शर्मा

- ❖ लगानीको प्रतिफल आम्दानी अनुपात निकै धेरै कम भएन र ?
- ❖ हालसम्म पनि मर्जर हुन नसक्नुको कारण के हो समस्या ? अब संस्थाले लगानी गर्न अर्को मर्जरमा जानुपर्ने हो की ? मर्जरको विषय नै टुंगोमा नपुगी कसरी आईपीवो निश्कासन गर्ने ? प्रतिवेदन थोरै सच्याएर पास गर्नुपर्ने हो की ?

ख. गिता शर्मा

- ❖ सहकारीले जति नाफा पनि कमाउन सकेको देखिएन किन होला यसरी त कहाँ हुन्छ ? ऋण खोजेर शेयर लगानी गर्नेले कहिले पाउने हो प्रतिफल ?
- ❖ लगानी पनि हल्का बढेको छ तर नाफा बढ्न सकेन ?

ग. पुनम प्रसाद शर्मा

- ❖ भाषागत प्रतिवेदन राम्रो छ तथ्यांकमा पनि सोही अनुसारको प्रगति गर्नुपर्यो ।

कम्पनि सचिव

- ❖ ऋणी संख्यामा केही ह्रास आएको छ किन होला ?
- ❖ संचालन खर्च बढि तर नाफा बढ्न सकेन ? पक्कै कोभिडको कारण मात्र त हैन होला ? स्पष्ट पार्नुपर्यो ।
- ❖ मर्जर सकेर एफपिओ मा जाने प्रस्ताव आउने बेलामा आइपिवो को प्रस्ताव आयो ?

घ. सन्तोष शर्मा

- ❖ प्रतिशेयर आम्दानी ०।२७ पैसा मात्र रह्यो । एभरेज इन्डष्ट्री भन्दा पनि निकै कम भयो ?
- ❖ चन्दा तथा सहयोग अनुमोदन गर्ने प्रस्ताव आएको रहेछ संस्था नै मजबुत नभई के को चन्दा तथा सहयोग दिएको प्रस्ताव आएको होला ?
- ❖ खर्च र आम्दानीको अनुपातमा खर्च बढि भयो ?
- ❖ अधिकृत पुंजी ६० करोड रहेको स्वीकृत हुन किन ढिला भएको होला ?

**१४. अध्यक्ष ज्यूको जवाफ :**

- ❖ व्यवसाय गर्न सुरुमा शाखा बिस्तार र प्लेटफर्म बनाउने गरि शाखा कार्यालय बिस्तार गरिएको तर शाखा बिस्तार गरि कार्यक्रम बामे सर्ने क्रममा नै कोभिडको प्रकोपको कारणले संचालन खर्च यथावत रहेकोले, र मिति २०७७०४।१२ गतेको नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप असल बर्गका कर्जाहरुमा समेत २ र ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था बापत रु.१,५६,२२,८२९।७६ गर्नुपर्ने भएकोले मुनाफामा गिरावट आएको र कर्जा को रिकभरि दरमा कमी आएकोले केही समस्या देखिएको हो आगामी दिनमा अर्थतन्त्रमा समेत कोभिडको असरबाट माथि उठेर अर्थतन्त्र पनि रिकभरी हुन लागेकोले अब संभावित नोक्सानी व्यवस्था फिर्ता भै अहिलेको अवस्थामा सुधार गर्न सकिने विश्वास दिलाउन चाहान्छु ।
- ❖ मर्जरको सबै प्रकृया पुरा भई अन्तीम चरणमा पुगेर विशेष साधारण सभामा जाने अवस्था पुर्व मर्जर पाटनरबाट हामी मर्जर गर्न नसक्ने र अनिच्छुक रहेकोले सो सम्बन्धमा हामी तत्पर रहेकोले संचालक समितिबाट निर्णय गराई मर्जरको लागि समन्वय गर्न नेपाल राष्ट्र बैंक समक्ष अनुरोध गरिएकोले र यदी मर्जर हुन नसकेको अवस्थामा शेयर धनी श्री शालिकराम शर्माको सुझाव अनुरुप आँधिखोला सँग मर्जर हुन नसक्ने विषयमा डि मर्जरको पत्र प्राप्त भएको खण्डमा आईपीवो निस्कासन गर्ने गरि आईपीवोको प्रस्ताव पास गरिदिनुहुन अनुरोध गर्दछु । यही माध्यमबाट संस्थाको भावि व्यवसाय विस्तारमा अगाडी बढिने र थप अर्को मर्जर तथा एक्युजेशन कार्यको लागी अगाडी बढ्ने विश्वास दिलाउन चाहान्छु ।
- ❖ कोभिड १९ को प्रकोपका कारण कोरोना रोकथाम तथा नियन्त्रणको लागी शाखा कार्यालय रहेका प्रति स्थानीय तय रु. १०,०००।०० दरले सहयोग गरिएको हो सो सम्वन्धमा अन्यथा नरहेको अनुरोध गर्दछु ।
- ❖ अधिकृत पुँजीको संसोधन पुन मर्जर पश्चात पनि थप गर्नुपर्ने भएकोले उक्त मर्जर पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्नुपर्ने भएकोले सो कार्यमा केही ढिलाई भएपनी हाललाई प्रकृयामा रहेको व्यहोरा अनुरोध गर्दछु ।

**१५. प्रस्ताव र सभाको निर्णय :**

कम्पनि सचिव

अध्यक्षज्यूले जवाफ दिनु भएपछि छलफलका विषय सुचीमा उल्लेखीत प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागी एकएक गरि प्रस्तुत गरिएकोमा देहाय अनुसार गर्ने निर्णय गरीयो ।

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक बर्ष २०७६/०७७ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गरियो ।
(२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सहितको वित्तीय विबरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित पारित गरियो ।
(३)आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वैठक भत्ता, अन्य समितिको वैठक भत्ता र समिति सम्बन्धी अन्य खर्च अनुमोदन गरी पारित गरियो ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०७६/०७७ को लेखापरिक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समितिबाट संचालक समितीमा सिफारिस भए बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर एस देवकोटा एण्ड कम्पनी, चाटर्ड एकाउन्टेन्टस्, सुनिल देवकोटालाई नियुक्ति गरि निजको पारिश्रमीक रु. १५०,०००/- कर बाहेक प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

(५) आर्थिक बर्ष २०७६।०७७ का लागी कम्पनी ऐन २०६३ को दफा १०५ (ग) को अख्तियारी सिमा भन्दा अधिक खर्च (चन्दा तथा सहयोग) अनुमोदन गरी पारित गरियो ।

(६) सर्वसाधारण शेयरको सार्वजनिक निश्कासन (IPO) गर्ने प्रस्ताव छलफल गर्दा मर्जरको अन्तीम चरणमा रहेपनी यद्यपी आधिँखोला लघुवित्त वित्तिय संस्थासँगको मर्जर नहुने सम्बन्धमा बैधानीकता पाईसके पश्चात् शेयरको सार्वजनिक निश्कासन गर्ने सम्बन्धमा सम्पुर्ण कार्य गर्ने गरि प्रस्ताव पारित गरियो ।

**ख. बिशेष प्रस्तावहरु**

१. विशेष प्रस्ताव पारित भएपश्चात् प्रवन्धपत्र तथा नियमावलीमा हुने संशोधन स्वीकृत गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकाय (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, कर कार्यालय लगायत) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक संशोधन, थपघट तथा समायोजन गर्ने सम्पूर्ण अख्तियारी सञ्चालक समितीलाई प्रदान गर्ने प्रस्ताव उपर छलफल गरियो ।

**ग. विविध :**

बिबिध प्रस्ताव अर्न्तगत कुनै बिषय नआएको/नभएको ।

**<u>१६. धन्यबाद ज्ञापन :</u>**

यस दोस्रो साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाईदिनु हुने एंव प्रस्तावहरु पारित गर्न सहयोग गर्नुहुने शेयरधनी महानुभावहरु तथा उपस्थित सबैमा धन्यवाद ज्ञापन यस संस्थाका अध्यक्ष श्री ईश्वर लाल राजभण्डारी ज्यूले दिनुभयो ।

कम्पनि सचिव

## १८. सभाको विर्सजन :

सभाको अन्त्यमा अध्यक्षज्यूले संस्थालाई सफलतापुर्वक यँहा सम्म पुराउन महत्वपुर्ण योगदान दिनुहुने कर्मचारी, सेवाग्राही, शुभचिन्तक, मार्गदर्शक तथा अमूल्य राय, सल्लाह, मन्तव्य ब्यक्त गर्नुका साथै सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गर्न सहयोग गर्नुहुने उपस्थित सवै शेयरधनी महानुभावहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दै अन्य छलफलका बिषयहरु नभएको हुँदा संस्थाको दोस्रो बार्षिक साधारण सभा विधिवत रुपमा विर्सजन भएको घोषणा गर्नु भयो ।

अध्यक्ष
इश्वर लाल राजभण्डारी
मिति : २०७७।११।२२

कम्पनी सचिव
निर्मल गौतम
मिति : २०७७।११।२२